# कांक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक

❑ वर्ष : २५ ❑ अंक : २६५ ❑ मंगलवार, २३ असार, २०८३ ❑ Tuesday, 7 July 2026 ❑ नेपाल संवत ११४६ ❑ पृष्ठ : ४ ❑ मूल्य : रु. १०







# कर्णालीका सात जिल्लाका लेक, खर्क र पाटनको दिगो व्यवस्थापन गर्ने तयारी

## *जलवायु परिवर्तनको चुनौती सामना गर्न रणनीतिक योजना अन्तिम चरणमा*

❑ कांक्रेविहार संवाददाता
सुर्खेत, २२ असार

कर्णाली प्रदेश सरकारले हिमाली तथा उच्च पहाडी क्षेत्रमा रहेका लेक, पाटन र खर्कको संरक्षणलाई व्यवस्थित बनाउन नयाँ रणनीतिक योजना कार्यान्वयनको तयारी गरेको छ। जलवायु परिवर्तनको बढ्दो असर, अव्यवस्थित सडक निर्माण तथा प्राकृतिक चरन क्षेत्रको निरन्तर क्षयीकरणलाई रोक्ने उद्देश्यसहित सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि लेकाली क्षेत्र संरक्षण कार्यक्रम अघि बढाएको हो। यसका लागि प्रदेश सरकारले एक करोड रुपैयाँ बजेट समेत विनियोजन गरेको छ। प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा लेकाली क्षेत्र संरक्षणलाई प्राथमिकतामा राख्दै दीर्घकालीन रणनीति निर्माणलाई अन्तिम चरणमा पुऱ्याएको जनाएको छ। आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहका अनुसार रणनीतिक योजनाका आधारमा संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। उनका अनुसार लेक, पाटन र खर्कको संरक्षणसँगै त्यहाँको जैविक विविधता, जलाधार तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा विशेष जोड दिइनेछ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले कर्णालीका पाँच हिमाली जिल्ला डोल्पा, हुम्ला, मुगु, जुम्ला र कालीकोटका साथै जाजरकोट र रुकुमपश्चिमलाई समेटेर संरक्षण रणनीति तयार गरिरहेको जनाएको छ। मन्त्रालयका सूचना अधिकारी महेश नेपालीका अनुसार रणनीतिक योजनाको मस्यौदा अन्तिम चरणमा पुगेको छ भने आवश्यक सुझाव समेटेर छिट्टै स्वीकृतिका लागि अघि बढाइनेछ त्यसपछि योजनाअनुसार जलवायु अनुकूलनका कार्यक्रम कार्यान्वयन गरिने उनले बताए।

### स्थानीय सहभागितामा संरक्षण रणनीति

रणनीतिक योजना तयार गर्न प्रदेशका सात जिल्लामा स्थानीय तह, कृषक, वन उपभोक्ता समूह तथा सरोकारवालासँग विस्तृत छलफल गरिएको मन्त्रालयले जनाएको छ। गत आर्थिक वर्षदेखि सुरु गरिएको परामर्श प्रक्रियाबाट प्राप्त सुझावलाई योजनामा समेटिएको छ। स्थानीय अनुभव र आवश्यकता अनुसार संरक्षणका कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले समुदायको सहभागितालाई प्राथमिकता दिइएको मन्त्रालयको भनाइ छ।



### वन्यजन्तु संरक्षणमा पनि जोड

प्रदेश सरकारले आगामी आर्थिक वर्षदेखि दुर्लभ वन्यजन्तु तथा चराचुरुङ्गी संरक्षणका कार्यक्रमलाई समेत विस्तार गर्ने भएको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार हिउँ चितुवा, हाब्रे, कस्तुरी मृग, जंगली बिरालो तथा गिद्धलगायत संकटापन्न प्रजातिको संरक्षणका लागि अध्ययन सम्पन्न गरी योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश सरकारका अनुसार लेक, पाटन र खर्कको संरक्षण केवल प्राकृतिक सम्पदा जोगाउने अभियान मात्र नभई जलवायु परिवर्तनका असर न्यूनीकरण, जैविक विविधताको संरक्षण, पर्यटन प्रवर्द्धन तथा स्थानीय समुदायको जीविकोपार्जन सुधारसँग प्रत्यक्ष जोडिएको विषय हो। रणनीतिक योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन सके कर्णालीका लेकाली क्षेत्रको दीगो संरक्षणमा महत्वपूर्ण उपलब्धि हासिल हुने विश्वास गरिएको छ।

### बहुआयामिक संरक्षणमा केन्द्रित योजना

सरकारले तयार गरिरहेको रणनीतिक योजनामा केवल लेक र पाटनको संरक्षण मात्र नभई प्राकृतिक स्रोतसँग जोडिएका आर्थिक तथा वातावरणीय पक्षलाई पनि समेटिएको छ। लेक, पाटन र खर्कको दीगो संरक्षण तथा व्यवस्थापन, जलाधार संरक्षण र स्वच्छ पानीका स्रोतहरूको सुरक्षा,जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम सञ्चालन, जडीबुटीको वैज्ञानिक संरक्षण तथा दिगो उपयोग छन्। यस्तै चरन क्षेत्र व्यवस्थापन र पशुपालन प्रवर्द्धन, पर्यापर्यटन तथा ग्रामीण पर्यटन विकास, डेरी तथा लघु उद्यममार्फत स्थानीय आयआर्जन वृद्धि र स्थानीय समुदायको सहभागितामा प्राकृतिक स्रोत व्यवस्थापन रहेका छन्।

### जलवायु परिवर्तनको बढ्दो असर

पछिल्ला वर्षहरूमा हिमाली क्षेत्रमा हिउँ पर्ने क्रम घट्दै गएको, असमय वर्षा हुने, पानीका मुहान सुक्दै जाने तथा कृषि उत्पादनमा कमी आउन थालेको छ। विशेषगरी पुस-माघमा हिमपात नहुनु र असोज-कार्तिकमा अत्यधिक वर्षा हुनु जलवायु परिवर्तनको स्पष्ट संकेतका रूपमा हेरिएको छ। यसको प्रत्यक्ष असर कृषि उत्पादन, पशुपालन तथा स्थानीय जनजीवनमा परिरहेको छ। प्रदेश सरकारले यही अवस्थालाई ध्यानमा राख्दै लेकाली क्षेत्रमा जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको जनाएको छ। प्राकृतिक स्रोतको संरक्षणसँगै वातावरणीय सन्तुलन कायम गर्ने कार्यक्रमलाई पनि रणनीतिक योजनामा समेटिएको छ।

### विगतका योजना प्रभावकारी बन्न सकेनन्

लेकाली क्षेत्र संरक्षण प्रदेश सरकारका लागि नयाँ विषय भने होइन। विगतका नीति तथा कार्यक्रम तथा बजेटमा पनि यस्ता कार्यक्रम समावेश हुँदै आएका थिए।

तर पर्याप्त बजेट अभाव, स्पष्ट कार्ययोजना नहुनु र प्रभावकारी कार्यान्वयनको कमीका कारण अपेक्षित उपलब्धि हासिल हुन सकेको थिएन। यसपटक भने रणनीतिक योजना तयार गरेर त्यसैका आधारमा कार्यक्रम सञ्चालन गर्ने तयारी भएकाले संरक्षण अभियान प्रभावकारी हुने अपेक्षा गरिएको छ।

# फिल्डमै बसेर नेपालगन्ज-सुर्खेत क्षेत्रको विद्युत् समस्याको समाधान खोजी

❑ कांक्रेविहार संवाददाता
सुर्खेत, २२ असार

नेपालगञ्ज र सुर्खेतलगायत क्षेत्रमा पटक-पटक हुने विद्युत् अवरोध, न्यून भोल्टेज तथा मिटर अभावका गुनासो बढेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठले दुई दिनसम्म त्यस क्षेत्रमा बसेर सरोकारवालाहरुसँग समस्याको पहिचान र समाधानका उपायबारे छलफल गरेका छन्।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव, नेपाल विद्युत् प्राधिकरणका सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेश प्रमुख, वितरण केन्द्रका अधिकारी, जनप्रतिनिधि, उद्योगी-व्यवसायी तथा स्थानीयवासीसँग भएको छलफलमा पश्चिम नेपालको वितरण प्रणाली जीर्ण बन्दै गएको, चार दशकअघि निर्माण गरिएका संरचनाले वर्तमान विद्युत् माग धान्न नसकेको तथा फिडर, ट्रान्सफर्मर र अन्य वितरण उपकरणको अभावका कारण आपूर्ति प्रभावित भइरहेको निष्कर्ष निकालिएको छ।

छलफलमा नेपालगञ्ज क्षेत्र पश्चिमबाट आउने र पूर्वतर्फ जाने विद्युत् प्रसारण प्रणालीको अन्तिम बिन्दुमा रहेकाले प्राविधिक दबाब बढी रहेको, पुराना उपकरणको गुणस्तरसमेत कमजोर देखिएको र वितरण सञ्जालको व्यापक स्तरोन्नति अपरिहार्य रहेको देखिएको छ।

मन्त्री श्रेष्ठको पहलपछि कर्णाली प्रदेशमा देखिएको विद्युत् मिटर अभाव तत्काल समाधान हुने भएको छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार माग गरिएका पाँच हजार मिटरमध्ये दुई हजार मिटर आपूर्ति भई जडान प्रक्रिया सुरु भइसकेको छ भने बाँकी तीन हजार मिटर सात दिनभित्र उपलब्ध हुने भएको छ।

त्यसैगरी सुर्खेतमा लामो समयदेखि देखिएको न्यून भोल्टेजको समस्या समाधानका लागि वितरण प्रणाली स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरी आगामी केही महिनाभित्र काम सुरु गर्ने तयारी गरिएको मन्त्रालयले जनाएको छ। नेपालगञ्ज क्षेत्रमा भरपर्दो, सुरक्षित र गुणस्तरीय विद्युत् सेवा सुनिश्चित गर्न आवश्यक बजेट, स्पष्ट कार्ययोजना र पूर्वाधार सुदृढीकरणका कार्यक्रम तत्काल अघि बढाइने भएको छ,

त्यसक्रममा वितरण प्रणाली लामो समयदेखि स्तरोन्नति हुन नसक्दा बढ्दो विद्युत् भार धान्न कठिन भएको जानकारी दिइएको थियो।

सातौँ विद्युतीकरण आयोजना सम्पन्न भएपछि वितरण प्रणालीमा पर्याप्त सुधार हुन नसकेको, विद्युत् माग वार्षिक करिब १५ प्रतिशतले बढिरहेको तथा कोहलपुर राष्ट्रिय प्रसारण लाइन र टनकपुर आपूर्तिको अन्तिम बिन्दुमा रहेको सञ्जालमा बढ्दो चापका कारण सेवा प्रभावित भएको प्राधिकरणले जनाएको छ।

यस्तै, न्यू नेपालगञ्ज सबस्टेशन निर्माण सम्पन्न हुन ढिलाइ, फिडर ओभरलोड, ट्रिपिङ, न्यून भोल्टेज, पुराना लाइन तथा अपर्याप्त ट्रान्सफर्मरको कारण विद्युत् आपूर्तिमा समस्या देखिएको निष्कर्षसमेत निकालिएको छ।

मन्त्री श्रेष्ठले निर्माणाधीन न्यू नेपालगञ्ज सबस्टेशन यथाशीघ्र सञ्चालनमा ल्याउन आवश्यक समन्वय गरिने, थप क्षमताका ट्रान्सफर्मर जडान, वितरण सञ्जाल विस्तार, पुराना लाइन र कन्डक्टर स्तरोन्नति, नयाँ फिडर निर्माण तथा प्रभावकारी लोड व्यवस्थापनलाई उच्च प्राथमिकताका साथ तत्काल गर्न सकिने, मध्यकाल र दीर्घकालको योजना निर्माण गरी कार्यान्वयन गरिने बताए।

उनले फिडर ओभरलोड, ट्रिपिङ र न्यून भोल्टेजलगायत प्राविधिक समस्याको विस्तृत अध्ययन गरी तत्काल कार्यान्वयनमा जाने स्पष्ट पार्दै अत्यधिक गर्मीका बेला नागरिक, उद्योग व्यवसाय र कृषि क्षेत्रमा परेको असरप्रति सरकार गम्भीर रहेको समेत उल्लेख गरे।

'पश्चिम नेपालका नागरिकले भरपर्दो, सुरक्षित र गुणस्तरीय विद्युत् सेवा पाउने वातावरण निर्माण गर्नु सरकारको प्राथमिकता हो। मन्त्रालय र नेपाल विद्युत् प्राधिकरण समन्वित रूपमा काम गर्दै यी समस्या स्थायी रूपमा समाधान गर्नेछौं,' मन्त्री श्रेष्ठले भने।


सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

डिजिटल युगको विश्वसनीय आवाज

www .kankrebihar .com

## सम्पादकीय

# दीगो खानेपानीतर्फ शारदाको दूरदर्शी कदम

नागरिकको आधारभूत आवश्यकतामध्ये स्वच्छ, सुरक्षित र नियमित खानेपानी सबैभन्दा महत्वपूर्ण सेवा हो । गुणस्तरीय खानेपानीको पहुँचले जनस्वास्थ्य, सरसफाइ, शिक्षा र आर्थिक गतिविधिसम्म प्रत्यक्ष प्रभाव पार्छ । यही यथार्थलाई आत्मसात् गर्दै सल्यानको शारदा नगरपालिकाले खानेपानी क्षेत्रमा गरेको ठूलो लगानी विकासप्रतिको जिम्मेवार सोचको उदाहरण बनेको छ । विश्व बैंक, संघीय सरकार, कर्णाली प्रदेश सरकार र नगरपालिकाको लागत साझेदारीमा निर्माण भइरहेका जर्खु लिफ्टिङ तथा खैरावाङ सामुदायिक खानेपानी आयोजनाले नगरका १७ हजारभन्दा बढी नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ ।

शारदा नगरपालिकाको भौगोलिक बनावटका कारण धेरै बस्तीमा खानेपानी पुऱ्याउनु चुनौतीपूर्ण छ । यस्ता कठिनाइलाई लिफ्ट प्रविधिको प्रयोगमार्फत समाधान गर्ने प्रयासले स्थानीय सरकारको दूरदर्शिता देखाउँछ । आगामी आर्थिक वर्षमा मात्रै खानेपानी क्षेत्रमा ४५ करोड ७२ लाख ५० हजार रूपैयाँ विनियोजन गर्नु र पछिल्ला चार वर्षमा एक अर्बभन्दा बढी लगानी हुनु यस क्षेत्रलाई नगरपालिकाले दिएको उच्च प्राथमिकताको प्रमाण हो । यद्यपि, ठूलो लगानीसँगै ठूलो जिम्मेवारी पनि जोडिएको हुन्छ । आयोजना समयमै सम्पन्न हुनु, निर्माणको गुणस्तर कायम हुनु, विद्युत् आपूर्ति नियमित रहनु, मर्मतसम्भार प्रभावकारी हुनु र पानीका स्रोतहरूको संरक्षण गरिनु उत्तिकै आवश्यक छ । विकासको सफलता बजेट खर्चमा होइन, नागरिकले सहज र गुणस्तरीय सेवा पाएको अनुभूतिमा मापन गरिन्छ ।

खानेपानीको सहज पहुँचले महिलाको श्रमभार घटाउने, स्वास्थ्यमा सुधार ल्याउने, सरसफाइ प्रवर्द्धन गर्ने र समग्र जीवनस्तर उकास्ने महत्वपूर्ण भूमिका खेल्छ । त्यसैले खानेपानीमा गरिएको लगानीलाई केवल पूर्वाधार निर्माणका रूपमा होइन, स्वस्थ र समृद्ध समाज निर्माणमा गरिएको दीर्घकालीन लगानीका रूपमा बुझ्नुपर्छ । निर्माणाधीन आयोजना निर्धारित समयमै सम्पन्न भई प्रभावकारी रूपमा सञ्चालनमा आए शारदा नगरपालिका खानेपानी व्यवस्थापनमा अनुकरणीय स्थानीय तहका रूपमा स्थापित हुनेछ । नागरिकको आधारभूत आवश्यकतालाई केन्द्रमा राखेर गरिएको यस्तो लगानीले स्थानीय सरकारप्रतिको विश्वास अझ बलियो बनाउनेछ र समृद्ध नगर निर्माणको आधारसमेत तयार गर्नेछ ।

# बैंकमा थुप्रिएको पूँजीलाई उत्पादनमा लगाऔँ




नेपाल राष्ट्र बैंकको २ जुलाई २०२६ को तथ्याङ्कअनुसार बैंक तथा वित्तीय संस्थाहरूमा कुल निक्षेप रु. ८,१०९ अर्ब (८१.०९ खर्ब) पुगेको छ भने कुल कर्जा रु. ५,९३० अर्ब (५९.३० खर्ब) मात्र रहेको छ । यसअनुसार CD Ratio ७२.४५% मा सीमित छ ।

नेपाल राष्ट्र बैंकले अनुमति दिएको अधिकतम CD Ratio ९०% सम्म पुग्ने हो भने हालको निक्षेपका आधारमा बैंक तथा वित्तीय संस्थाहरूले करिब रु. १३६८ अर्ब सम्म कर्जा प्रवाह गर्न सक्छन्। अर्थात्, हालको अवस्थाबाट थप करिब रु. १,३६८ अर्ब (करिब १४-१५ खर्ब) उत्पादनशील क्षेत्रमा लगानी गर्ने क्षमता बैंकिङ प्रणालीसँग अझै बाँकी छ ।

**निष्क्रिय पूँजीको लागत**

हाल अन्तरबैंक ब्याजदर २.७५% रहेको छ । यदि करिब १४-१५ खर्ब रुपैयाँ बराबरको तरलता बैंकिङ प्रणालीमा निष्क्रिय रहँदा त्यसको व्यवस्थापन लागत यही दरको हाराहारीमा पर्दै गएको मान्ने हो भने वार्षिक करिब ३८-४१ अर्ब रुपैयाँ बराबरको ब्याज लागत (नेरा बैंकमार्फत सरकारले) प्रणालीले वहन गर्नुपर्ने अवस्था आएकोछ ।

यदि करिब १३.७- १५ खर्ब बराबरको तरलता निष्क्रिय रहँदा त्यसको लागत २.७५% को हाराहारीमा व्यवस्थापन गर्नुपरेको मान्ने हो भनेः

- ✓ १३.७ खर्ब x २.७५% = करिब रु. ३७.६ अर्ब
- ✓ १५ खर्ब x २.७५% = करिब रु. ४१.३ अर्ब

देशले विकासका लागि आन्तरिक तथा बाह्य ऋण लिइरहेको अवस्थामा यति ठूलो रकम निष्क्रिय राख्नु दीर्घकालीन समाधान हुन सक्दैन । त्यसैले अब प्राथमिकता तरलता व्यवस्थापन होइन, तरलताको उत्पादनशील परिचालन हुनुपर्छ । यदि यही १४-१५ खर्ब अर्थतन्त्रमा प्रवाह भयो भने पर्न सक्ने सम्भावित प्रभाव यही पूँजी उद्योग, कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधि, पूर्वाधार, व्यापार तथा साना-मझौला उद्यममा परिचालन गर्न सकियो भनेः

- ✓ ५ लाखदेखि १० लाखसम्म प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना हुन सक्ने सम्भावना,
- ✓ वार्षिक करिब १५०-३०० अर्ब रुपैयाँसम्म थप कर राजस्व,
- ✓ उद्योग तथा व्यवसाय पुनः चलायमान,
- ✓ उत्पादन वृद्धि र आयात प्रतिस्थापन,
- ✓ निर्यात प्रवर्द्धन,
- ✓ उपभोग र बजार मागमा वृद्धि,
- ✓ समग्र आर्थिक वृद्धिदरमा उल्लेखनीय सुधार ।
- ✓ ७५ लाख भन्दा धेरै लगानिकर्ताको लगानी रहेको करिब ४६ खर्बको पुँजीकरण भएको शेयर बजारमा सकारात्मक प्रभाव पर्ने ।

पूँजी पर्याप्त छ, समस्या परिचालनको छ

धेरै बैंक तथा वित्तीय संस्थाहरू Capital Adequacy Ratio (CAR) को दबाबका कारण पर्याप्त तरलता हुँदाहुँदै पनि आवश्यक मात्रामा कर्जा विस्तार गर्न सकिरहेका छैनन् ।

यसको समाधानका लागि योग्य (क, ख, ग र घ वर्गका) बैंक तथा वित्तीय संस्थाहरूलाई Right Share जारी गर्ने नीतिगत सहजीकरण गर्नु उपयुक्त विकल्प हुन सक्छ । यसले बैंकहरूको पूँजी आधार बलियो बनाउँदै थप लगानी गर्ने क्षमता वृद्धि गर्नेछ ।

**पूँजीबजार पनि अर्थतन्त्रको ऐना हो**

आन्तरिक अर्थतन्त्र चलायमान हुनेबित्तिकै त्यसको प्रत्यक्ष सकारात्मक प्रभाव नेपालको पूँजीबजारमा पनि देखिनेछ । आज नेपालको शेयर बजारमा करिब ७५ लाखभन्दा बढी लगानीकर्ताको प्रत्यक्ष सहभागिता रहेको छ । उद्योग-व्यवसाय विस्तार, बैंकहरूको कर्जा प्रवाह, कम्पनीहरूको नाफा तथा लगानीकर्ताको विश्वास बढेसँगै करिब ४६ खर्बको बजार पुजिकरण भएको पूँजीबजारमा सकारात्मक वातावरण बन्नेछ ।

सबल पूँजीबजारका लाभहरूः

- ✓ लगानीकर्ताको सम्पत्तिको मूल्य वृद्धि,
- ✓ नयाँ कम्पनीलाई पूँजी जुटाउन सहज,
- ✓ निजी क्षेत्रको विस्तार,
- ✓ विदेशी तथा स्वदेशी लगानीकर्ताको विश्वास वृद्धि,
- ✓ समग्र अर्थतन्त्रमा सकारात्मक मनोविज्ञान ।

यदि पूँजीबजारमा कारोबार र मूल्य वृद्धि स्वाभाविक रूपमा विस्तार भयो भने सरकारले पुँजीगत लाभकर (Capital Gains Tax) बाट पनि उल्लेखनीय राजस्व प्राप्त गर्न सक्छ। बजारको आकार, कारोबार र नाफाका आधारमा यो रकम दशौं अर्ब रुपैयाँसम्म पुग्न सक्ने सम्भावना रहन्छ। (ठ्याक्कै रकम बजारको कारोबार, मूल्यवृद्धि र कर संरचनामा निर्भर हुन्छ ।)

यसरी पूँजीबजार चलायमान हुँदा ७५ लाखभन्दा बढी नेपाली लगानीकर्तामा सकारात्मक मनोबल सिर्जना हुनेछ, जसले लगानी, उद्यमशीलता र व्यवसाय विस्तारको वातावरणलाई थप मजबुत बनाउनेछ। आर्थिक गतिविधि बढ्दा त्यसको सकारात्मक प्रभाव सरकारप्रतिको जनविश्वासमा समेत देखिन सक्छ ।

**वित्तीय अनुशासन अपरिहार्य**

अर्कोतर्फ, ऋण लिएर जानाजानी नतिर्ने प्रवृत्ति, कानुनी प्रक्रियामा हुने ढिलाइ तथा वित्तीय अनुशासनमा आएको कमजोरीले बैंकिङ प्रणालीमा जोखिम बढाएको छ ।

उत्पादनशील क्षेत्रमा लगानी विस्तारसँगै ऋण असुली प्रणालीलाई पनि प्रभावकारी बनाउनुपर्ने आवश्यकता उत्तिकै महत्वपूर्ण छ। स्वस्थ बैंकिङ प्रणाली बिना दिगो आर्थिक विकास सम्भव हुँदैन ।

**अबको आवश्यकता**

नेपालको समस्या आज पूँजीको अभाव होइन, पूँजीको प्रभावकारी परिचालन हो।

**नेपाल राष्ट्र बैंक, सरकार र निजी क्षेत्रबीच समन्वय गरीः**

- ✓ CAR सम्बन्धी व्यावहारिक समाधान,
- ✓ योग्य (क, ख, ग र घ बर्गका) बैंक तथा वित्तिय संस्थाहरूलाई Right Share मार्फत पूँजी विस्तार,
- ✓ उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह,
- ✓ लगानीमैत्री नीतिगत सुधार,
- ✓ वित्तीय अनुशासनको कडाइ,
- ✓ र पूँजीबजारलाई अर्थतन्त्रको साझेदारका रूपमा विकास गर्ने नीति

अवलम्बन गर्न सकियो भने निष्क्रिय रहेको १४-१५ खर्ब रुपैयाँ नेपाली अर्थतन्त्रको सबैभन्दा ठूलो विकास इन्जिन बन्न सक्छ । अर्थतन्त्र चलायमान भयो भने उद्योग चल्छ, उद्योग चले रोजगारी बढ्छ, रोजगारी बढे राजस्व बढ्छ, राजस्व बढे सरकार बलियो हुन्छ, र त्यसको सकारात्मक प्रभाव पूँजीबजारदेखि आम नागरिकको जीवनसम्म पुग्छ । अब समय आएको छ बैंकमा थन्किएको पूँजीलाई उत्पादन, रोजगारी, राजस्व र समृद्धिमा रूपान्तरण गर्ने। यही कदमले सरकार, नेपाल राष्ट्र बैंक, निजी क्षेत्र र सम्पूर्ण नेपाली नागरिक सबैलाई दीर्घकालीन लाभ पुऱ्याउनेछ ।

*(कार्की रास्वपा केन्द्रीय सदस्य हुन् ।)*

# बालुकुनादेखि सलीसल्लासम्म सडक स्तरोन्नतिका लागि एक अर्ब विनियोजन

**काँक्रेविहार संवाददाता**
हुम्ला, २२ असार

कर्णाली करिडोर अन्तर्गत हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका-१ स्थित बालुकुनादेखि सलीसल्लासम्मको सडक स्तरोन्नति तथा कालोपत्रेका लागि एक अर्ब रुपियाँ बजेट विनियोजन भएको छ । बजेटको व्यवस्था भएसँगै उक्त खण्डको सडक स्तरोन्नति कार्य अघि बढ्ने निश्चित भएको छ । आगामी आर्थिक वर्ष २०८३/०८४ मा बालुकुनादेखि सलीसल्लासम्मको सडक स्तरोन्नति तथा कालोपत्रे गर्नका लागि एक अर्ब रुपियाँको व्यवस्था गरिएको कर्णाली करिडोर दक्षिण खण्ड (कोल्टी कार्यालय) का प्रमुख बिसुनदास लामाले जानकारी दिए । वर्षायाममा बारम्बार पहिरो खस्ने, सडक अवरुद्ध हुने तथा सुख्खा पहिरोसमेत जाने समस्यायुक्त उक्त खण्डको स्तरोन्नति तथा कालोपत्रे कार्य चाँडै अघि बढाइने उनले बताए । उक्त खण्डको लम्बाइ करिब १३ किलोमिटर रहेको छ ।

लामाका अनुसार साउन महिनामा टेन्डर प्रक्रिया अघि बढाइनेछ र त्यसपछि निर्माण कार्य सुरु गरिनेछ सो खण्डमा विशेषगरी खच्चामा मेसिनरी वाल, ग्याबियन संरचना तथा जैविक प्रविधिबाट निर्माण कार्य गरिनेछ ।

यसैबीच खुलालु-सलीसल्ला खण्डअन्तर्गत खुलालु-बालुकुना सडकका लागि अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गरी बजेट व्यवस्था गरेपछि निर्माण कार्य अघि बढिरहेको छ । कर्णाली करिडोरअन्तर्गत उक्त खण्ड कालोपत्रे तथा स्तरोन्नति गर्ने योजना अघि बढिसकेको छ ।

# कर्णाली नदीमा भेटिए २ शव

**काँक्रेविहार संवाददाता**
सुर्खेत, २२ असार

कर्णाली नदीमा सोमवार दुईवटा वटा शव फेला परेका छन् । कैलाली जिल्लाको महोन्याल गाउँपालिका र लम्कीचुहा नगरपालिका क्षेत्रमा दुईवटा शव भेटिएका हुन् ।

कर्णाली प्रदेश प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी रामप्रसाद घर्तीले अन्दाजी १७-१८ वर्षकी किशोरी र अन्दाजी ३०-३५ वर्ष उमेर समूहका पुरुषको शव फेला परेको जानकारी दिए ।

पुरुषको शव कैलालीको मोहान्याल गाउँपालिका-६, सुङ्गरखाल सोल्टा नजिक भेटिएको हो । यस्तै, लम्कीचुहा नगरपालिका-३ गोरङ्गेमा किशोरीको शव भेटिएको हो । बिहीबार बिहान साढे ११ बजे सुर्खेतबाट कालिकोटका लागि छुटेको कर्णाली



प्रदेश ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी दैलेखको चामुण्डा बिन्द्रासैनी नगरपालिका-७ स्थित कर्णाली राजमार्गको साङ्गेतडा क्षेत्रमा दुर्घटना भएको थियो । भेटिएकोमध्ये पुरुषको शव उक्त गाडीमा सवार यात्रुकोभएको आशंक प्रहरीले गरेको थियो । तर, किशोरीको शवको भने पहिचान भएको छ । उक्त शव सुर्खेतकी स्नेहा सुनारको भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय कैलालीकाअनुसार केही दिनअघि भेरी नदीमा दाउरा संकलन गर्ने क्रममा उनी बगेर बेपत्ता भएकी थिइन् । आफन्तले उनको पहिचान गरिसकेका छन् ।

तर, मोहन्याल गाउँपालिका-६ सोल्टास्थित कर्णाली नदी किनारमा भेटिएको पुरुष शवको पहिचान खुल्न अझै बाँकी रहेको प्रहरीले जनाएको छ । दुर्घटनास्थलबाट शव भेटिएको स्थानबाट झण्डै १५० किलोमिटरको दूरीमा पर्छ । हाल दुवै शवलाई पोस्टमार्टमका लागि टिकापुर अस्पताल लगिएको प्रहरीले जनाएको छ । यही असार १८ गते सुर्खेतबाट कालिकोट जाँदै गरेको गाडी राजमार्गबाट करिब ४०० मिटर तल कर्णाली नदीमा खसेको थियो । गाडीमा सवारमध्ये कालिकोट पचालझरना गाउँपालिका-९ निवासी ५४ वर्षीय जेखे तिरुवा भीरमा अड्किएको अवस्थामा फेला परेका थिए । दुल्लु अस्पतालका चिकित्सकले उनलाई मृत घोषणा गरे । त्यस बाहेक गाडी र चार जना यात्रुको अवस्था अझै अज्ञात छ ।गाडीसँगै बेपत्ता हुनेमा कालिकोटको पचालझरना-९ का मेखे तिरुवा, रास्कोट नगरपालिका-२ का सिर्जना खड्का र पश्चिम सुर्खेतको पञ्चपुरी नगरपालिका-८, का तुलाराम सुबेदी र सहचालक रामप्रसाद सुवेदी रहेका छन् ।

पाँच दिनदेखि लगातार ३ वटै सुरक्षा निकायले खोजी कार्य जारी राखे पनि उनीहरु फेला परेका छैनन् ।

# सरकारी कार्यालय खाली गराउन ट्रेड युनियनलाई तीन दिने अल्टिमेटम




**कॉंक्रेविहार संवाददाता**
काठमाडौं, २२ असार

निजामती कर्मचारी ट्रेड युनियनलाई तीन दिनभित्र सरकारी कार्यालय खाली गर्न भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सूचना प्रकाशन गरेको छ। सूचना निर्धारित समयमा भवन तथा अन्य संरचना खाली गरी सम्बन्धित निकायलाई बुझाउन मन्त्रालयले आग्रह गरेको छ।

सरकारले २०८३ वैशाख २० गते नेपाल राजतत्रमा प्रकाशित निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधनमार्फत निजामती कर्मचारी ट्रेड युनियनसम्बन्धी व्यवस्था खारेज गरेको छ। त्यसआधारमा सरकारी स्वामित्वका भवन तथा संरचना प्रयोग गर्ने कानुनी आधार समाप्त भइसकेको मन्त्रालयले जनाएको छ।

असार २२ गते युनियन तथा संगठनहरुलाई पत्राचार गरी सरकारी जग्गामा रहेका भवन तथा अन्य संरचना खाली गर्न पत्राचार गरिसकेको छ। पत्राचारपछि पनि ट्रेड युनियनले सरकारी कार्यालय तथा संरचना खाली नगरेपछि मन्त्रालयले यो सूचना सार्वजनिक गरेको हो।

कार्यालय खाली गर्न भनिएका र अटेरी गर्ने संगठनहरुमा स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन, मधेशी स्वास्थ्यकर्मी फोरम नेपाल, नेपाल मधेसी निजामती कर्मचारी मञ्च, नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन छन्।

नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, एकीकृत सरकारी कर्मचारी संगठन नेपाल, नेपाल स्वास्थ्यकर्मी संघ र मधेशी स्वास्थ्यकर्मी फोरम नेपाल रहेका छन्।

सूचनामा प्रकाशन भएको मितिले तीन दिनभित्र कार्यालय पूर्ण रूपमा खाली गरी सम्बन्धित निकायलाई बुझाउन भनिएको छ। तोकिएको अवधिभित्र सरकारी भवन खाली नगरे वा अटेर गरे प्रचलित कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ।

मन्त्रालयको यो कदम निजामती सेवा ऐन संशोधनपछि ट्रेड युनियनसम्बन्धी कानुनी व्यवस्था कार्यान्वयन गर्ने प्रक्रियाको निरन्तरताका रूपमा आएको हो।

# देशभर ३२ प्रतिशत मात्र रोपाइँ सम्पन्न

**कॉंक्रेविहार संवाददाता**
काठमाडौं, २२ असार

नेपालमा यस वर्ष धान रोपाइँको गति गत वर्षको तुलनामा केही सुस्त देखिएको छ।

प्राप्त पछिल्लो तथ्याङ्क अनुसार सोमबार असार २२ गतेसम्म देशभर कुल धान रोप्न योग्य क्षेत्रफलको ३२.३८ प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको छ। गत वर्ष २०८२ सालको सोही अवधिमा देशभर ४५ प्रतिशत रोपाइँ भइसकेको थियो।

तथ्याङ्क अनुसार नेपालभर कुल १३ लाख ७० हजार ६२ हेक्टर क्षेत्रफलमा धान खेती हुने अनुमान गरिएकोमा हालसम्म ४ लाख ४३ हजार ५९५ दशमलव ०९ हेक्टरमा मात्र रोपाइँ



सकिएको छ।

सातै प्रदेशको विवरण हेर्दा सोमबारसम्म सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ५७.९ प्रतिशत रोपाइँ भएको छ। त्यस्तै, गण्डकी प्रदेशमा ४१.० प्रतिशत, कर्णाली प्रदेशमा ४०.५ प्रतिशत, लुम्बिनी प्रदेशमा ३७.३ प्रतिशत, बागमती प्रदेशमा ३३.२ प्रतिशत र कोशी प्रदेश ३१.५ प्रतिशत धान रोपाईं सम्पन्न भएको छ।

मधेश प्रदेशमा भने सबैभन्दा कम १५.६ प्रतिशत रोपाइँ भएको छ।

गत वर्ष असार २२ गतेसम्मको तुलनामा यस वर्ष अधिकांश प्रदेशमा रोपाइँको दर घटेको देखिएको छ। गत वर्ष सोही समयमा सुदूरपश्चिममा ८२.८ प्रतिशत र कर्णालीमा ७१.७ प्रतिशत रोपाइँ भइसकेको थियो।

यस्तै बागमती (५१.९%), गण्डकी (५५.६%) र लुम्बिनी (५२.१%) प्रदेशमा पनि गत वर्षको तुलनामा यस वर्ष रोपाइँको प्रतिशत निकै कम रहेको छ। कोशी प्रदेशमा भने गत वर्ष (२९.५%) को तुलनामा यस वर्ष (३१.५%) सामान्य सुधार देखिएको छ।

# निर्माण सामग्रीको मूल्य ५.३३ प्रतिशतले बढ्यो




*आर्थिक वर्ष २०८२–८३ को तेस्रो त्रैमास (माघ–चैत २०८२) मा समग्र निर्माण लागत सूचकांक १५७.६ पुगेको छ, जुन अघिल्लो त्रैमासको तुलनामा ३.६० प्रतिशतको वृद्धि हो।*

**कॉंक्रेविहार संवाददाता**
काठमाडौं, २२ असार

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको 'निर्माण क्षेत्रको आगत मूल्य सूचकांक' सम्बन्धी तेस्रो त्रैमासिक प्रतिवेदन अनुसार नेपालको निर्माण क्षेत्रमा लागतको चाप उल्लेख्य रूपमा बढेको छ। आर्थिक वर्ष २०८२-८३ को तेस्रो त्रैमास (माघ-चैत २०८२) मा समग्र निर्माण लागत सूचकांक १५७.६ पुगेको छ, जुन अघिल्लो त्रैमासको तुलनामा ३.६० प्रतिशतको वृद्धि हो।

**निर्माण सामग्रीमा भारी वृद्धि**

यस त्रैमासमा निर्माण लागत बढ्नुको मुख्य कारण निर्माण सामग्रीको मूल्यमा भएको उच्च वृद्धि हो। निर्माण सामग्रीको उप-सूचकांक अघिल्लो त्रैमासको तुलनामा ५.३३ प्रतिशतले बढेर १३८.६ पुगेको छ। विशेष गरी ईंटाको मूल्यमा त्रैमासिक ९.३३ प्रतिशत र वार्षिक १३.४१ प्रतिशतको उच्च वृद्धि देखिएको छ, जुन हालसम्मकै उच्च बिन्दु (१४७.२) हो। नेपालका ईंटा भट्टाहरूमा देखिएको आपूर्ति अवरोध र मुख्य निर्माण सिजनको मागका कारण ईंटाको मूल्य अकासिएको प्रतिवेदनले औंल्याएको छ।

त्यस्तै, अन्तर्राष्ट्रिय बजारमा तामाको मूल्य बढेसँगै विद्युतीय तारको मूल्यमा वार्षिक २४.८९ प्रतिशतको डरलाग्दो वृद्धि देखिएको छ। फलामका डन्डी र बिलेटको मूल्यमा पनि ७.७९ प्रतिशतको त्रैमासिक सुधार आएको छ भने सिमेन्टको मूल्य ५.०४ प्रतिशतले बढेको छ। अर्कोतर्फ, घरजग्गा क्षेत्रमा आएको मन्दीका कारण हुम पाइप, काठ र टायलको मूल्यमा भने गिरावट आएको छ।

**ज्यालादरमा २०० को बिन्दु पार**

श्रम ज्यालातर्फको सूचकांकले यस त्रैमासमा एउटा ऐतिहासिक खुड्किलो पार गरेको छ। ज्याला सूचकांक २०३.० पुगेको छ, जसको अर्थ निर्माण श्रमिकको औसत ज्याला आर्थिक वर्ष २०७१-७२ को तुलनामा दोब्बरभन्दा बढी भएको छ। ज्यालादरमा त्रैमासिक ०.९१ प्रतिशत र वार्षिक २.८१ प्रतिशतको मध्यम वृद्धि देखिएको छ।

सबैभन्दा बढी ज्याला वृद्धि चित्रकारहरूको ५.९८ प्रतिशत (वार्षिक) रहेको छ भने निर्माण क्षेत्रमा सबैभन्दा बढी हिस्सा ओगट्ने साधारण श्रमिकको ज्याला वार्षिक २.९७ प्रतिशतले बढेको छ।

प्रतिवेदनअनुसार माघदेखि चैतसम्मको समय नेपालको मुख्य निर्माण सिजन भएकाले निर्माण सामग्रीको माग उच्च हुनु मूल्यवृद्धिको प्रमुख आन्तरिक कारण हो। साथै, आर्थिक वर्षको अन्त्यतिर सरकारी पुँजीगत खर्चमा हुने तीव्रताले ग्याबियन वायर, जीआई पाइप र बिटुमिन जस्ता पूर्वाधार निर्माणमा प्रयोग हुने सामग्रीको माग र मूल्य बढाएको देखिन्छ।

अन्तर्राष्ट्रियस्तरमा अमेरिकी महसुल नीतिमा आएको अन्यौलता र भारतीय बजारमा फलामको मूल्यमा भएको सुधारले पनि नेपाली बजारमा प्रत्यक्ष प्रभाव पारेको प्रतिवेदनमा उल्लेख छ।

समग्र निर्माण लागतमा भएको यस वृद्धिले चालु पूर्वाधार आयोजनाहरूको लागत बढ्न सक्ने र निर्माण ठेक्काहरूमा मूल्य समायोजनको आवश्यकता पर्न सक्ने देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले विशेष गरी ईंटा र विद्युतीय तारको मूल्यमा देखिएको अस्वाभाविक वृद्धिलाई मध्यनजर गर्दै आपूर्ति व्यवस्थामा सुधार गर्न र आयोजनाहरूको लागत प्रक्षेपण गर्दा यी पक्षहरूलाई ध्यान दिन सुझाव दिएको छ।

राष्ट्रिय तथ्यांक कार्यालयले यो सूचकांक आर्थिक वर्ष २०७१-७२ लाई आधार वर्ष (१००) मानेर तयार पारिएको जनाएको छ। जसमा निर्माण सामग्रीको भार ७०.५ प्रतिशत र श्रम ज्यालाको भार २९.५ प्रतिशत रहेको छ।

## गुणस्तरीय स्वास्थ्य सेवाका लागि प्रदेश अस्पताल सुर्खेत तपाईंको साथमा

स्वास्थ्य नागरिकको सबैभन्दा ठूलो सम्पत्ति हो। यही विश्वासलाई आत्मसात गर्दै प्रदेश अस्पताल सुर्खेतले कर्णाली प्रदेशका नागरिकलाई विशेषज्ञ, सहज, गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। अस्पतालमा २४ सै घण्टा आकस्मिक सेवा, विशेषज्ञ उपचार, प्रयोगशाला तथा आधुनिक स्वास्थ्य सेवा उपलब्ध रहेको छ।

**प्रदेश अस्पतालबाट उपलब्ध प्रमुख सेवाहरू**

- २४ सै घण्टा आकस्मिक सेवा
- विशेषज्ञ बाह्य बिरामी (OPD) सेवा
- भर्ना (Inpatient) सेवा
- सुरक्षित प्रसूति तथा स्त्रीरोग सेवा
- बालरोग सेवा
- शल्यक्रिया सेवा
- हाडजोर्नी तथा ट्रमा सेवा
- मुटुरोग, मानसिक स्वास्थ्य, आँखा, नाक-कान-घाँटी लगायतका विशेषज्ञ सेवा
- प्रयोगशाला, रेडियोलोजी, फार्मेसी तथा फिजियोथेरापी सेवा

**नागरिकका लागि अनुरोध**

- स्वास्थ्य समस्या देखिएमा समयमै अस्पतालमा परीक्षण गराऔँ।
- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौँ।
- नियमित स्वास्थ्य परीक्षण गर्ने बानी बसालौँ।
- अस्पतालको सेवा लिन पालो प्रणाली र अस्पतालका नियमहरूको पालना गरौँ।
- सरसफाइ, पोषण र स्वस्थ जीवनशैली अपनाएर रोगबाट बचौँ।

**प्रदेश अस्पताल, सुर्खेत**
कर्णाली प्रदेश

## समृद्ध गाउँ, सुखी नागरिक : गुराँस गाउँपालिका विकास र सेवामा प्रतिबद्ध

गुराँस गाउँपालिका नागरिकमैत्री, पारदर्शी र उत्तरदायी स्थानीय शासनमार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै समृद्ध गाउँ निर्माणको अभियानमा निरन्तर अघि बढिरहेको छ। कृषि, शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, पर्यटन, वन संरक्षण, उद्यम विकास तथा सुशासनलाई प्राथमिकतामा राख्दै गाउँपालिकाले दिगो विकासका कार्यक्रम सञ्चालन गरिरहेको छ।

**गाउँपालिकाका प्राथमिकता**

- गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा विस्तार
- सुरक्षित खानेपानी तथा सरसफाइमा पहुँच
- कृषि उत्पादन वृद्धि र किसानको आय अभिवृद्धि
- ग्रामीण सडक तथा पूर्वाधार विकास
- पर्यटन, वन तथा जडीबुटी संरक्षण र प्रवर्द्धन
- महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण
- पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री सेवा प्रवाह

**नागरिकका लागि उपलब्ध सेवाहरू**

- व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइँसराइ)
- सामाजिक सुरक्षा भत्ता वितरण
- योजना तथा विकाससम्बन्धी सेवा
- कृषि तथा पशु सेवा
- सिफारिस तथा प्रमाणपत्र प्रदान
- कर तथा राजस्व सेवा

**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रानीमत्ता, दैलेख

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# ९० जना बालबालिकालाई शैक्षिक सामग्री वितरण

कांक्रेविहार संवाददाता
सुर्खेत, २२ असार

दैलेखको दुल्लु नगरपालिकामा आर्थिक रूपमा विपन्न तथा शैक्षिक पहुँच सुदृढ गर्ने उद्देश्यसहित ९० जना बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण गरिएको छ।

आवाज संस्थाको आयोजनामा दुल्लु नगरपालिका-११, १२ र १३ का ३०/३० जना गरी कुल ९० जना बालबालिकालाई प्रति विद्यार्थी ४ हजार रुपैयाँ बराबरको छात्रवृत्ति तथा शैक्षिक सामग्री हस्तान्तरण गरिएको हो।

वितरण गरिएका सामग्रीमा विद्यालय झोला, स्कुल ड्रेस, जुत्ता, कपी, पेन, क्यालकुलेटर, ज्यामिति बक्स, सिसाकलम र सिसाकलम कटर लगायत नौ प्रकारका सामग्री समावेश रहेका थिए।

कार्यक्रममा बालसुलभ केन्द्रका विद्यार्थी, अभिभावक, जनप्रतिनिधि तथा सरोकारवाला गरी १६१ जनाको सहभागिता रहेको थियो। कार्यक्रमको अध्यक्षता दुल्लु नगरपालिकाकी उपप्रमुख बिना कार्कीले गर्नुभएको थियो, भने प्रमुख अतिथिका रूपमा नगरप्रमुख भरत प्रसाद रिजाल सहभागी थिए।

साथै वडा नं. ११, १२ र १३ का वडाध्यक्षहरूको समेत उपस्थिति रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख रिजालले आवाज संस्थाले बालबालिकाको अधिकार, शिक्षा तथा संरक्षणका क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएको बताए। यस्ता सामाजिक अभियानलाई नगरपालिकाले आगामी दिनमा पनि आवश्यक सहयोग, समन्वय र सहकार्य गर्दै जाने उनले प्रतिबद्धता व्यक्त गरे।

त्यसैगरी, उपप्रमुख कार्कीले संस्थाले लैङ्गिक हिंसा न्यूनीकरण, बालविवाह अन्त्य तथा बालअधिकार प्रवर्द्धनका क्षेत्रमा सञ्चालन गर्दै आएका कार्यक्रम उदाहरणीय रहेको बताउँदै संस्थाप्रति धन्यवाद व्यक्त गरे। उनले यस्ता कार्यक्रमले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्नुका साथै बालबालिकाको शैक्षिक भविष्य सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा सहभागी जनप्रतिनिधि, अभिभावक तथा अन्य सरोकारवालाहरूले पनि आवाज संस्थाले समुदायस्तरमा सञ्चालन गरेका बालकेन्द्रित कार्यक्रमहरूको खुलेर प्रशंसा गरेका थिए। उनीहरूले छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरणले आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई विद्यालय शिक्षामा निरन्तरता दिन थप प्रेरणा मिल्ने विश्वास व्यक्त गरे।

आयोजकका अनुसार उक्त कार्यक्रमको मुख्य उद्देश्य आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित हुने जोखिममा रहेका बालबालिकालाई विद्यालयमा नियमित अध्ययनका लागि आवश्यक सहयोग उपलब्ध गराउनुका साथै बालमैत्री समाज निर्माणमा टेवा पुर्‍याउनु रहेको जनाएको छ।


## जनहितमा जारी सन्देश

- माटो विनाको भू-सतह र भू-सतह विनाको जीवनको कल्पना पनि गर्न सकिदैन, त्यसैले माटो संरक्षणमा समयमा नै सचेत होऔं।
- जथाभावी डोजरको प्रयोग नगरौं, भू-क्षय हुनबाट जोगाऔं।
- माथिल्लो तटिय श्रेत्रमा एक टोल, एक पानी पुनःभरण पोखरीको अवधारणालाई आत्मसाथ गरी पानीको श्रोतहरुको संरक्षण तथा दीगो व्यवस्थापन गरौं।
- कम लगानीका स्थानीय जैविक प्रविधीको प्रयोग गरौं, वातावरण संरक्षण र जैवीक विविधता कायम गर्न सहयोग पुर्‍याऔं।

भू तथा जलाधार व्यवस्थापन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

## समृद्ध कर्णाली निर्माणको आधार : प्रभावकारी योजना, पारदर्शी बजेट र दिगो विकास

आर्थिक समृद्धि, सुशासन र दिगो विकासलाई संस्थागत गर्दै कर्णाली प्रदेशको समग्र विकासलाई गति दिने उद्देश्यका साथ आर्थिक मामिला तथा योजना मन्त्रालय निरन्तर क्रियाशील रहेको छ। प्रदेशको आर्थिक नीति, बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, विकास योजना, स्रोत परिचालन तथा सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन मन्त्रालयका प्रमुख जिम्मेवारी हुन्।

**मन्त्रालयका प्रमुख कार्यहरू**

- प्रदेशको वार्षिक बजेट तथा नीति निर्माण
- आवधिक तथा वार्षिक विकास योजना तर्जुमा
- सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन
- प्रदेशको राजस्व नीति तथा वित्तीय अनुशासन सुदृढीकरण
- स्थानीय तहसँग अन्तरसरकारी वित्तीय हस्तान्तरणको समन्वय
- विकास आयोजनाको छनोट, अनुगमन तथा मूल्याङ्कन
- लगानीमैत्री वातावरण निर्माण तथा आर्थिक विकासलाई प्रोत्साहन

**मन्त्रालयको प्रतिबद्धता**

- पारदर्शी, उत्तरदायी र जनमुखी बजेट प्रणाली।
- विकासका कार्यक्रमलाई नतिजामुखी बनाउने।
- प्रदेशको आर्थिक स्रोतको प्रभावकारी परिचालन।
- स्थानीय तहसँग सहकार्य गर्दै सन्तुलित विकास सुनिश्चित गर्ने।
- रोजगारी, उत्पादन र लगानी अभिवृद्धिमार्फत समृद्ध कर्णाली निर्माणमा योगदान पुर्‍याउने।

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

## एचआईभी/एड्सबाट बचौं, स्वस्थ र सुरक्षित जीवन अपनाऔं

एचआईभी (Human Immunodeficiency Virus) शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर बनाउने भाइरस हो। समयमै परीक्षण, उपचार र सचेत जीवनशैली अपनाएमा एचआईभी संक्रमित व्यक्तिले पनि लामो, स्वस्थ र सामान्य जीवन बिताउन सक्छन्। एचआईभी संक्रमणको अन्तिम अवस्था एड्स (AIDS) हो, तर नियमित औषधि सेवनबाट यो अवस्थासम्म पुग्नबाट रोक्न सकिन्छ।

**एचआईभी कसरी सर्छ ?**

- असुरक्षित यौन सम्पर्कबाट।
- संक्रमित रगत चढाउँदा।
- संक्रमित सुई वा सिरिन्ज प्रयोग गर्दा।
- एचआईभी संक्रमित आमाबाट गर्भावस्था, सुत्केरी वा स्तनपानको क्रममा शिशुमा।

**एचआईभीबाट कसरी बच्ने ?**

- सुरक्षित यौन व्यवहार अपनाउने।
- आवश्यक परे कन्डमको सही र नियमित प्रयोग गर्ने।
- नयाँ वा निष्क्रमित (स्टेरिलाइज्ड) सुई-सिरिन्ज मात्र प्रयोग गर्ने।
- परीक्षण गरिएको सुरक्षित रगत मात्र प्रयोग गर्ने।
- गर्भवती महिलाले समयमै एचआईभी परीक्षण गराउने।
- एचआईभी परीक्षण किन आवश्यक छ ?

एचआईभी संक्रमण सुरुवाती चरणमा थाहा नहुन सक्छ। समयमै परीक्षण गरी संक्रमण पुष्टि भएमा निःशुल्क एआरटी (ART) औषधि उपचार सुरु गर्न सकिन्छ, जसले व्यक्ति स्वस्थ रहन र संक्रमणको जोखिम घटाउन मद्दत गर्छ।

स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत
कर्णाली प्रदेश





कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)